नेपाल सरकार

# प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

## सहिद दिवस, २०८२ को सन्देश

सहिद दिवस, २०८२ को अवसरमा नागरिकको हक, हित, स्वतन्त्रता संरक्षण तथा लोकतन्त्र स्थापना र राष्ट्रियताको रक्षार्थ आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने महान् सहिदहरु शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ लगायत सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।

नेपाली जनताको स्वतन्त्रता, नेपालको सार्वभौमसत्ता र राष्ट्रियतालाई बचाइराख्न इतिहासका विभिन्न कालखण्डमा निरङ्कुश र तानाशाही शासनका विरुद्ध भएका विभिन्न क्रान्ति तथा लोकतान्त्रिक जनआन्दोलनमा जीवन उत्सर्ग गर्ने वीर वीरङ्गानाहरुप्रति श्रद्धासुमन र सम्मान व्यक्त गर्दै हरेक वर्ष माघ १६ गतेका दिनलाई सहिद दिवसको रुपमा मनाउँदै आईरहेका छौं। यिनै सहिदहरुको वलिदानस्वरुप नै आजको दिनमा हामीले शासन प्रणालीको उत्कृष्ट स्वरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अनुभूति गर्न पाएका छौं।

अन्त्यमा, न्यायपूर्ण, समतामूलक, सभ्य र सुसंस्कृत समाजका साथै समृद्ध राष्ट्र बनाउने सहिदको आकाङ्क्षा र सपनालाई साकार पार्न सबै वर्ग, समूह र तहले आ-आफ्नो तर्फबाट खेल्नुपर्ने भूमिकालाई इमान्दारिताकासाथ पूरा गर्न यस दिवसले हामी सबैलाई थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

धन्यवाद !

२०८२ माघ १६ गते, शुक्रबार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख